*Vol. 11 Issue 1, 188-203 Jan. 2026*
*ISSN 2382-5103*

**JOURNAL OF DEVELOPMENT REVIEW**




# सिर्जनात्मक लेखनका प्रक्रिया र चरणहरू

**बालकृष्ण शर्मा** (एम.फिल.)
उपप्राध्यापक, त्रिभुवन विश्वविद्यालय
सरस्वती बहुमुखी क्याम्पस, काठमाडौँ, नेपाल
bks.paudel@gmail.com Orchid. https://orchid.org/0009-0004-6669-467X

A R T I C L E  I N F O

*Reviewed: Feb, 5, 2026*
*Revised: March' 23, 2026*
*Accepted: April, 10, 2026*

*शब्दकुञ्जी*
*चरण, परिमार्जन, प्रक्रिया, प्रवाह, स्फूरण ।*

## लेखसार

*प्रस्तुत आलेख सिर्जनात्मक लेखनका प्रक्रिया र चरणहरूमा केन्द्रित भई तयार पारिएको गुणात्मक विधिमा आधारित प्राज्ञिक अनुसन्धान हो । यसमा सामग्री सङ्कलनका लागि पुस्तकालय विधिको प्रयोग गरिएको छ । यस आलेखको उद्देश्य सिर्जनात्मक लेखनका प्रक्रिया र चरणको सैद्धान्तिक विमर्श गर्नु रहेको छ । सिर्जनात्मक लेखन मानवीय जीवनजगत्का अनुभवलाई कलात्मक भाषाका माध्यमबाट निश्चित प्रक्रिया पूरा गरी चरणबद्ध रूपमा अभिव्यक्त गर्ने कलात्मक नवीन लेखन हो । कृति रचना गर्ने व्यवस्थित, क्रमबद्ध र शृङ्खलाबद्ध कार्य प्रक्रिया हो भने एउटा कार्य सम्पन्न गरेपछि अर्को कार्य गर्नु त्यसको चरण हो । विधा, विषय, विचार, भाव, संरचना, शैलीको सुनिश्चित चयन, सामग्री सङ्कलन जस्ता कार्य सिर्जनात्मक लेखनका प्रमुख प्रक्रिया हुन् भने शीर्षकीकरण, तयारी, योजना, स्फूरण, प्रारम्भ, प्रवाह तथा विचार, अनुभूति र इन्द्रियबोधलाई भाषिक युक्तिसँग सम्मिलन प्रमुख चरण हुन् । एउटा पूर्ण कृति रचनाका लागि सबै प्रक्रिया र चरणहरूको पहिचान गरी तिनको परिपालना गर्नु आवश्यक हुन्छ । यस अनुसन्धानमा सिर्जनात्मक लेखनका यिनै प्रक्रिया र चरणहरूको सैद्धान्तिक विश्लेषण गर्दै सबै प्रक्रिया र चरणको पूर्ण पालना गरी प्रकाशन गर्दा पूर्ण, साकार, सुन्दर र सफल कृतिको रचना हुन्छ भन्ने निष्कर्षमा पुगिएको छ ।*

*© 2026 Journal of development ReviewSMC All rights reserved*

## १. विषयपरिचय

मानिस सिर्जनशील प्राणी हो । नवनव सिर्जना गर्नु उसको सहजात प्रवृत्ति हो । उसले जीवनजगतका ज्ञान, अनुभव र अनुभूतिलाई समेटेर कलाका माध्यमबाट प्रकटीकरण गर्ने प्रयत्न गरिरहेको हुन्छ । सिर्जनाका अनेकौँ रूप र प्रकार छन् । तीमध्ये भाषाका माध्यमबाट व्यक्त गरिने कलात्मक अभिव्यक्ति नै सिर्जनात्मक लेखन हो । यो वाङ्मयका उपयोगी र ललित कलामध्ये ललित कलाअन्तर्गत पर्ने एउटा महत्त्वपूर्ण शाखा हो । साहित्यका समालोचनात्मक र सिर्जनात्मक गरी दुईवटा भेद छन् । सिर्जनात्मक भेदअन्तर्गत कविता, आख्यान, नाटक र निबन्ध जस्ता साहित्यिक विधा पर्दछन् । साहित्यिक विधालाई निश्चित सिद्धान्त वा अवधारणाका आधारमा गुणदोष छुट्याएर कृतिको मूल्याङ्कन र विश्लेषण गर्ने प्रक्रिया समालोचना हो । समालोचना र सिर्जनाको समष्टि

रूपलाई साहित्य भनिन्छ । सिर्जनात्मक लेखन भनेको साहित्यिक विधाको लेखन कार्य हो । यो स्रष्टाका अनुभवमा आधारित निश्चित विधि, प्रक्रिया अँगालेर तयार पारिने व्यवस्थित र चरणबद्ध कलात्मक लेखन हो ।

सिर्जनात्मक लेखनका निश्चित प्रक्रिया र क्रमबद्ध चरणहरू रहेका हुन्छन् । जुनसुकै विषयका बारेमा बनाएको प्रारम्भिक धारणालाई साकार स्वरूप प्रदान गर्न कुनै न कुनै विधि र प्रक्रियाको आवश्यकता पर्दछ । लेखन प्रारम्भ हुनुपूर्वदेखि समापनसम्म प्रयुक्त हुने सम्पूर्ण कार्य सिर्जनात्मक लेखनको प्रक्रिया हो । यसलाई सिर्जनाक्रम वा रचना प्रक्रिया पनि भनिन्छ । यसमा सिर्जनाका मूर्तअमूर्त वा व्यक्तअव्यक्त सबै प्रक्रिया समावेश भएका हुन्छन् । नित्य नवीन सिर्जना वा आविष्कार गरिरहने मानिसका मानसपटलमा दृष्ट र भुक्त जीवनजगत्का अनुभव र अनुभूतिहरूबाट विभिन्न प्रकारका सिर्जनात्मक सामग्रीहरू सञ्चित भएका हुन्छन् । उसले आफ्नो संस्कार, वरपरको वातावरण, अध्ययन, चिन्तनमनन एवं जीवन भोगाइबाट विशिष्ट ज्ञान प्राप्त गरिरहेको हुन्छ । यसरी प्राप्त ज्ञानबाट उसका अन्तस्करणमा कुनै भाव वा विचारले जन्म लिई कुनै नयाँ संसारको कल्पना गरेको हुन्छ । उसले त्यस नयाँ संसारलाई रचनात्मक कलाका माध्यमद्वारा अभिव्यक्त गर्ने प्रयास गरिरहेको हुन्छ । यस प्रयासलाई भाषाको सर्वोत्तम रूपका माध्यमबाट व्यक्त गर्न निश्चित विधाको खोजी गरिरहेको हुन्छ । स्रष्टाले अनुभव र अनुभूतिका रूपमा प्राप्त विभिन्न विषय क्षेत्रसँग सम्बन्धित विषय, भाव वा विचारलाई भौतिक स्वरूप प्रदान गरी कृतिका रूपमा ल्याउन लेखनका केकस्ता प्रक्रिया र चरणहरू केकसरी पूरा गरेको हुन्छ र लेखन समाप्तिपछि कृतिको समग्र सम्पादन र परिमार्जन गरी कृतिको केकस्तो साकार रूप निर्माण गरेको हुन्छ भन्ने जिज्ञासा नै यस अनुसन्धानको मूल समस्या हो । अतः प्रस्तुत आलेखको उद्देश्य सिर्जनात्मक लेखनका यिनै प्रक्रिया र चरणका बारेमा विश्लेषण गर्नु रहेको छ । यसमा तिनै सिर्जनात्मक लेखनका प्रक्रिया र चरणका रूपमा सुनिश्चित चयन, लेखन प्रक्रियाका चरण र लेखन समाप्तिपछिको कार्यका बारेमा विश्लेषण गरिएको छ । यो नै यस आलेखको उद्देश्य र सीमा हो ।

## २. अध्ययन विधि र विश्लेषणको ढाँचा

प्रस्तुत आलेख सिर्जनात्मक लेखनको सैद्धान्तिक पक्षसँग सम्बन्धित भएकाले यो गुणात्मक शोधविधिमा आधारित छ । यसमा सामग्री सङ्कलनका लागि पुस्तकालय विधिको प्रयोग गरिएको छ । यसमा सिर्जनात्मक लेखनको सैद्धान्तिक चर्चा गरिएका सामग्री द्वितीयक स्रोतबाट सङ्कलन गरिएको छ । सिर्जनात्मक लेखनका प्रक्रिया र चरणहरूको उदाहरणका लागि प्राथमिक स्रोतका सामग्रीको उपयोग गरिएको छ । सङ्कलित सामग्रीका आधारमा सिर्जनात्मक लेखनका प्रक्रिया, त्यसका चरण र परिमार्जनका बारेमा व्याख्या विश्लेषण गरी निष्कर्षमा पुगिएको छ । यो सैद्धान्तिक प्रकृतिको अध्ययन भएकाले यसमा सिर्जनात्मक कृतिहरूबाट उदाहरण प्रस्तुत गरी सिद्धान्तलाई पुष्टि गरिएको छ ।

## ३. विमर्श र प्राप्ति

प्रस्तुत लेख सिर्जनात्मक लेखनका विधि पक्षसँग सम्बन्धित भएकाले यसमा सैद्धान्तिक विमर्श गरिएको छ । सिद्धान्तलाई स्पष्ट पार्न सिर्जनात्मक कृतिहरूबाट उदाहरण लिइएको छ । यसमा सिर्जनात्मक लेखनका प्रक्रिया र चरणअन्तर्गत विधा, विषयवस्तु, विचार, भाव, संरचना, शैलीको सुनिश्चित चयन एवं सूचना सङ्कलन, सामग्रीको टिपोट र ढाँचानिर्माण, त्यसअनुकूल भाषिक युक्तिहरूको निर्धारण जस्ता पक्षहरूको सैद्धान्तिक विवेचना गरिएको छ । त्यसैगरी सिर्जनात्मक लेखन कार्य समाप्तिपछिका परिमार्जन र सम्पादनका विधि र प्रक्रियाको समेत सुव्यवस्थित विश्लेषण गरी उत्कृष्ट सिर्जनात्मक लेखनका लागि यी सैद्धान्तिक पक्षमा स्पष्ट हुन आवश्यक रहेको परिणाम निकालिएको छ ।

## ४. सिर्जनात्मक लेखनको प्रक्रिया र चरण

सिर्जनात्मक लेखन सर्जकका विचार, कल्पना, भावना, अनुभव वा दृष्टिकोणलाई कलात्मक शैलीमा प्रस्तुत गर्ने अनुभवमा आधारित प्रक्रियामूलक लेखन हो । यसका प्रक्रिया र चरणहरूका बारेमा पनि फरकफरक दृष्टिकोण रहेको छ । यसका प्रक्रिया र चरणका बारेमा विभिन्न विद्वान्हरूले आफ्ना धारणा व्यक्त गरेका छन् । निशान्त केतुले रचनाका प्रक्रियालाई अनुभूति, चिन्तन, संस्कार र क्रियाशक्ति गरी चार प्रकारमा विभाजन गरेका छन् भन्ने कुरा मोतीलाल पराजुलीले उल्लेख गरेका छन् (पराजुली, २०५३, पृ. २४) । मोहनराज शर्माले रचना प्रक्रियालाई आन्तरिक र बाहय गरी दुई चरणमा विभाजन गरेका छन् । आन्तरिक रचना प्रक्रिया सर्जकका मानसपटलभित्रै घटित हुने भएकाले रचना प्रक्रियाको आरम्भमा कृतिको स्वरूप सूक्ष्म एवं अमूर्त हुन्छ र बाहय रचना प्रक्रियामा कृतिको स्वरूप स्थूल एवं मूर्त हुन्छ । आन्तरिक र बाह्य दुवै रचना प्रक्रिया पूर्ण भएपछि मात्र कुनै कृतिले साकार एवं मूर्त रूप लिन्छ । यसलाई उनले सिर्जनात्मक लेखनका विधि पक्षहरू पनि भनेका छन् । उनले सूक्ष्म वा आन्तरिक पक्षअन्तर्गत विषय, सामग्री, विधागत ढाँचा, शैली र स्फूरणलाई राखेका छन् भने स्थूल वा बाहय विधि पक्षअन्तर्गत प्रथम लेखन, परिमार्जनक्रम र अन्तिम साफीलाई राखेका छन् (शर्मा, २०५५, पृ. ५८२) । मोतीलाल पराजुलीले सिर्जनात्मक लेखन प्रक्रियाका भाव वा विचारको ग्रहण, विषय छनोट र योजना, लेखन र परिमार्जन वा शुद्धीकरण गरी मुख्यत: चारवटा चरण हुन्छन् भनेका छन् (पराजुली, २०५३, पृ. २४) । यस प्रक्रियामा लेखन प्रारम्भ गर्नु अघि विषयवस्तु छान्ने, सङ्कलित विचारहरूलाई प्रारम्भिक रूपमा लेख्ने, मूल मस्यौदामा आवश्यक परिमार्जन गर्ने, भाषिक संरचना मिलाउने जस्ता प्रक्रियाहरू पूरा गरी अन्तिम रूप तयार पारेर पाठक वा श्रोतासमक्ष प्रस्तुत गरिन्छ । एउटा रचना मूर्त स्वरूपमा आउन पूर्वतयारी, मस्यौदा लेखन, संशोधन, पुनर्लेखन, सम्पादन, प्रकाशन वा प्रस्तुति जस्ता दीर्घ प्रक्रिया रहेका हुन्छन् । यसका प्रक्रिया र चरणलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

### ४.१ सिर्जनात्मक लेखनका प्रक्रियाहरू

सिर्जनात्मक लेखन कृतिका माध्यमबाट नयाँ संसारको रचना वा नवीनताको आविष्कार हो । यो निरन्तरको अभ्यास भएकाले यसका लागि पूर्ण तयारी र योजनाको आवश्यकता पर्दछ । तयारी र योजना बिना गरिएका कुनै पनि काम सम्पन्न हुँदैनन् । कृति रचनाका लागि भौतिक तयारीका अतिरिक्त विधागत, विषगत, संरचनागत, ढाँचागत, शैलीगत सबै प्रकारको तयारी गर्नु पर्दछ । यसका साथै समय व्यवस्थापन, लेखनको उपयुक्त वातावरण निर्माण, आर्थिक व्यवस्थापन, स्रोत र सामग्रीको उपलब्धता जस्ता कुरामा समेत तयारी गर्नु पर्दछ । विषयसूत्रलाई कल्पना र भावनामा मिसाएर प्रस्तुत गर्न सूचना तथा सामग्रीको सङ्कलन भरपर्दो र आधिकारिक माध्यमबाट गर्ने योजना बनउनु पर्दछ । विधा, विषय, शैली जस्ता कुराको सम्पूर्ण तयारी सकिएपछि प्रारम्भिक लेखनलाई योजनाबद्ध तरिकाले अगाडि बढाउनु पर्दछ । योजानबद्ध ढङ्गले गरिएको काम बिना रोकटोक समयमै सम्पन्न हुन्छ । सिर्जनात्मक लेखन पुनरुत्पादन नभई नयाँ रचना हो । जसरी एउटा बच्चा जन्मँदा नितान्त अरुभन्दा भिन्न पहिले कहिल्यै नभएको हुन्छ, त्यसरी नै सिर्जनात्मक लेखन पनि नयाँ रचनालाई जन्म दिने प्रक्रिया हो । त्यसैले यसका लागि विधा र विषयको सुनिश्चित चयन गर्नुपर्दछ । यो सिर्जनात्मक लेखनको महत्त्वपूर्ण प्रक्रिया हो । एउटा सुन्दर र साकार कृति रचनाका लागि सर्जकका मानसपटलमा विधा, विषयवस्तु, विचार, भाव, संरचना, शैलीको सुनिश्चित चयन हुनु पर्दछ । त्यस्तै लेखनलाई प्रामाणिक, प्रभावकारी र आकर्षक बनाउनका लागि सूचना सङ्कलन, सामग्रीको टिपोट र ढाँचानिर्माण गरी त्यसअनुकूल भाषिक युक्तिहरूको निर्धारण गर्नु आवश्यक हुन्छ । यस प्रक्रियाअन्तर्गतका कुराहरूलाई तल प्रस्तुत गरिएको छ :

### ४.१.१. विधाचयन

विधाचयन सिर्जनात्मक लेखनको महत्त्वपूर्ण प्रारम्भिक प्रकिया हो । सिर्जनात्मक लेखनका गद्य र पद्य भाषामा लेखिने विविन्न विधा र तिनका उपविधाहरू छन् । विधाचयन गर्दा सर्जकको रुचि र अनुभवले भूमिका खेलेको हुन्छ । लेखनको लक्ष्य, उद्देश्य, लेखन शैली र पाठकको आवश्यकता अनुसार विधाचयन गरिनु पर्दछ । उपयुक्त विधाचयन गरिएन भने सुन्दर र परिपूर्ण कृतिको रचना नहुन सक्छ । सर्जकले आफ्नो विचार, भावना र दृष्टिकोणलाई प्रभावकारी र सशक्त रूपमा अभिव्यक्त गर्नका लागि वैयक्तिक र सामाजिक रुचि, सामग्रीको उपलब्धता, आवश्यकता र औचित्यका आधारमा गद्यलयात्मक वा पद्यलयात्मक विधा छनोट गर्नु पर्दछ । पद्यलयात्मक विधामा सिर्जना गर्ने हो भने कविता विधाका लघु, मध्यम र बृहत् रूपमध्ये कुन रूपमा रचना गर्ने हो त्यो स्पष्ट हुनु पर्दछ । कविताका लघुतम रूप जस्तै मुक्तक, हाइकु, गीत, गजल, पुटकर कविता रचना गर्न सकिन्छ । त्यसैगरी कविताका मझौला रूपअन्तर्गत खण्डकाव्य र लामा कविता तथा बृहत् रूपअन्तर्गत महाकाव्य रचना गर्न सकिन्छ । गद्यलयात्मक अन्तर्गत आख्यानात्मक (कथा, उपन्यास), गैरआख्यानात्मक (निबन्ध, जीवनी, आात्मकथा, संस्मरण, यात्रावृत्तान्त, आरेख, दैनन्दिनी, रिपार्ताज आदि) विधामा सिर्जना गर्न सकिन्छ । त्यस्तै नाटकीय विधाअन्तर्गत एकाङ्की वा पूर्णाङ्कीको सिर्जना गर्न सकिन्छ । यसरी सिर्जनात्मक लेखनका लागि प्रारम्भिक योजनाको तयारी गर्दा कविता, आख्यान, निबन्ध, नाटक र अन्य विधाहरूमध्ये कुन विधामा रचना गर्ने हो, सो निर्धारण गरी त्यसको उपविधासमेत चयन गर्नु पर्दछ । जस्तै कविता विधाचयन गरिसकेपछि त्यसका फुटकर रूप, मध्यम रूप वा बृहत् रूपमध्ये कुनमा रचना गर्ने हो भन्ने स्पष्ट हुनुपर्दछ । विधाचयन गरिसकेपछि त्यस विधाका विधागत स्वरूप, तत्त्व, प्रकार लगायतका सैद्धान्तिक पक्षहरूका बारेमा गहन अध्ययन गरी विधागत सिद्धान्तमा स्पष्ट हुनु पर्दछ । आफूले चयन गरेको विधाका आदर्श र प्रतिनिधिमूलक रचनाको समेत अध्ययन गर्नु उपयुक्त हुन्छ । जुन विधामा रचना गर्दा आफ्ना भावना सहज र स्वस्फूर्त रूपमा प्रकटीकरण हुन्छन्, ती विधाको चयनले नै सहजतापूर्वक समयमै सम्पन्न हुन्छ । कृति रचनाको प्रारम्भिक कार्य नै विधाको सुनिश्चितता गर्नु रहेकाले उपयुक्त विधाको चयनले नै यसका अन्य चरण र प्रक्रियाहरू सहजतापूर्वक अगाडि बढ्छन् । अत: सही विधाचयन, विधागत सैद्धान्तिक ज्ञानको स्पष्टताले नै उपयुक्त र सफल कृतिको रचना हुन्छ ।

### ४.१.२. विषयवस्तुको सुनिश्चितता

सिर्जनात्मक लेखनको अर्को महत्त्वपूर्ण प्रक्रिया विषयवस्तुको चयन र निर्धारण हो । विषयबिना कुनै पनि रचना सम्भव छैन । विषयवस्तु आन्तरिक रचना प्रक्रियासँग सम्बद्ध अत्यन्त सूक्ष्म र अमूर्त प्रक्रिया भएकाले यससम्बन्धी सम्पूर्ण प्रक्रिया सर्जकका अन्तस्करणमा भित्रभित्रै घटित हुन्छन् । कृतिप्रति पाठकको रुचि र आकर्षण पनि विषयले नै निर्धारण गर्दछ । “जेबारे लेखिन्छ त्यो नै विषय हो । सर्जकले के लेख्ने भनेर निधो गर्दा विषयको चयन हुन्छ । विषय सिर्जनात्मक कृतिको निर्देशक विचार हो । कुनै विषयको बीज विचार वा केन्द्रीय विचारलाई विषय सूत्र भनिन्छ । प्रत्येक कृतिलाई एउटा विषयसूत्रको मूर्त रूप वा दृष्टान्त मानिन्छ” (शर्मा, २०५५, पृ. ५८४) । विषयसूत्रलाई विभिन्न सन्दर्भ र प्रसङ्गहरूसँग जोडेर विस्तार गर्दा सिर्जना हुन्छ । विषयवस्तु अतिव्याप्ति र अतिरञ्जित दोषबाट मुक्त कालजयी, सार्वभौमिक र समकालीन हुनुपर्दछ । यो क्षणिक तुष्टि र नाराको अभिप्रेरणाबाट मुक्त भई समाज, संस्कृति र समग्र सभ्यताको वाहकका रूपमा स्थापित हुनसक्ने हुनुपर्दछ । कतिपय सर्जकहरूले समाजका लागि अत्यन्त सान्दर्भिक मानिएको विषय ग्रहण गरेर पनि त्यसको मर्मलाई अभिव्यक्त गर्न नसक्दा कालजयी कृति रचना हुन सक्तैनन् । त्यसैले विषयवस्तु चयन गर्दा त्यसको मर्मलाई स्पष्ट रूपले अभिव्यक्त गर्न सक्नु पर्दछ । अत: विषवस्तुको चयन

गर्दा अत्यन्त सचेत र सावधान हुनु पर्दछ ।

विषयवस्तुका विभिन्न स्रोतहरू रहेका हुन्छन् । कुन स्रोतको विषयलाई कसरी प्रस्तुत गर्ने भन्ने तयारी गर्नु लेखन कार्यको प्रारम्भिक योजनाअन्तर्गत पर्दछ । लेखकले आफ्ना विचार, अनुभूति र भावनाका आधारमा ऐतिहासिक, पौराणिक, प्राकृतिक, सामाजिक, आर्थिक, धार्मिक, सांस्कृतिक, वैज्ञानिक आदि क्षेत्रबाट समय र स्थानको समेत विचार गरी उपयुक्त विषयको चयन गर्न सक्तछ । विषय चयनको आधार सर्जकको रुचि, पाठकको चासो, समाजको आवश्यकता, युगीन सान्दर्भिकता, लेखनको उद्देश्य र अनुभवको गहिराइ पनि हो । यी सबै कुरालाई ध्यानमा राखी चयन गरिएको विषवस्तुले नै कालजयी, सुन्दर र पूर्ण कृतिको रचना हुन्छ ।

### ४.१.३. भाव वा विचार

विधा र विषयवस्तु चयन गरिसकेपछि केन्द्रीय विचार र भावको निर्माण गर्नु सिर्जनात्मक लेखनको महत्त्वपूर्ण प्रक्रिया हो । रचनाकारले प्रस्तुत गर्ने सन्देश वा दृष्टिकोण नै विचार हो । यो उसको जीवनभोगाइ, अध्ययन, अनुभव र दार्शनिक चिन्तनको सार पनि हो । विचारले पाठकको मस्तिष्कमा प्रत्यक्ष प्रभाव पार्छ, साहित्यलाई आधार दिन्छ, भावले त्यस विचारलाई रङ्ग दिन्छ । विचारहरू प्रायः सामाजिक (समाजमा विद्यमान जातीय, वर्गीय, लैङ्गिक विभेद र असमानता, गरिबी, अन्याय, अत्याचार र शोषण, सामाजिक कुसंस्कार, कुप्रथा र कुरीति आदि), राजनीतिक (स्वतन्त्रता, राष्ट्रियता, स्वाधीनता, शासकीय स्वरूप, शक्ति र संरचना), दार्शनिक/नैतिक (जीवनको अर्थ, कर्तव्य, मृत्यु, पुनर्जन्म), पर्यावरणीय (पारिस्थितिक प्रणाली, प्रकृति संरक्षण, जलवायु परिवर्तन) आदि हुन सक्छन् । विचारले पाठकको बौद्धिक चेतना बढाउँछ, समाज परिवर्तन र रूपान्तरणतर्फ उन्मुख बनाउँछ, मानव समुदायमा चेतनशीलता ल्याउँछ, साहित्यलाई उद्देश्यपूर्ण बनाउन भूमिका खेल्दछ । विचार मस्तिष्क, चिन्तनसँग सम्बन्धित भएकाले यसबाट सन्देशमूलक र दर्शन प्रधान साहित्य रचना हुन्छ ।

प्रत्येक रचनामा कुनै न कुनै विचार रहेको हुन्छ । सर्जकले विचार र भावमध्ये कुन पक्षलाई बढी महत्त्व दिने भन्ने निर्क्योल गरेको हुन्छ । कुनै रचनामा विचार प्रभावशाली रूपमा आएको हुन्छ भने कुनै कृतिमा भाव प्रधान भएर आएको हुन्छ । ग्रामीण नेपाली समाजमा लोग्ने स्वास्नीको झगडा *परालको आगो*जस्तै क्षणिक हुन्छ भन्ने परालको आगो कथाको विचार हो भने कुनै पनि व्यक्ति अजात *शत्रु* हुन सक्तैन भन्नु शत्रु कथाको विचार हो । देवकोटाको *मुनामदन* मा मानवतावाद, देशभक्ति र सामाजिक समानता विचार बनेको छ । पागल कवितामा समाजको स्वार्थी दृष्टिकोणको आलोचना गर्नु विचारका रूपमा आएको छ । *भानुभक्तीय रामायण*मा धर्म, कर्तव्य र मर्यादापालन विचारका रूपमा आएको छ ।

लेखन प्रक्रिया सुरु गर्नका लागि भावको निर्माण र निर्धारण आवश्यक हुन्छ । भाव लेखकको आन्तरिक अनुभूति, मनको आवेग वा संवेदना हो । यो कृतिको मूल आधार पनि हो । यसले पाठकलाई सिर्जनासँग भावनात्मक रूपमा जोड्न, साहित्यलाई जीवन्त र हृदयस्पर्शी बनाउन, पाठकको अन्तर्मनमा प्रभाव पारेर उनीहरूलाई सोच्न, अनुभूति गर्न वा परिवर्तन गर्न सघाउ पुर्‍याउँछ । भाव मन, हृदय र अनुभूतिसँग सम्बन्धित भएकाले यसबाट भावनाप्रधान साहित्यको रचना हुन्छ ।

विषयवस्तुले भावको निर्माणमा दिशाबोध गरेको हुन्छ । भावको निर्माणमा लेखकको विषयगत अध्ययन, अनुभव र अनुभूति, मानसिकता, भावना र सिर्जनात्मक क्षमता, प्रकृतिजगत्, जीवनजगत्, मानवीय व्यवहार, सामाजिक चालचलन, सांस्कृतिक परम्परा, पौराणिक सन्दर्भ, ऐतिहासिक घटनाक्रम जस्ता पक्षहरूले भूमिका खेलेका हुन्छन् । जब लेखकका अन्तस्करणमा कल्पना वा भावधाराको निर्माण हुन्छ तब त्यो

रचनाको माध्यम बन्छ । निजी अध्ययन, जीवन भोगाइ र विभिन्न स्रोतबाट प्राप्त विषयवस्तुको स्वरूप अनुरूप रति वा प्रेम भाव (माया, स्नेह, आत्मीयता, जस्तै : प्रेमसम्बन्धी कविता), करुण भाव (दु:ख, सहानुभूति, जस्तै : युद्धकथा, अभावको कथा), वीर भाव (साहस, देशभक्ति, जस्तै: वीरता र बलिदानका कथा), हास्य भाव, (रमणीयता, व्यङ्ग्य), वैराग्य भाव (मोहभङ्ग, आध्यात्मिक चेतना), बीभत्सताजस्ता भावहरूको निर्माण भएको हुन्छ । कृतिमा कुनै एक भावलाई प्रमुख अन्य भावलाई गौण रूपमा प्रस्तुत गर्न सकिन्छ । जस्तै लक्ष्मीप्रसाद देवकोटाको *मुनामदन*मा करुण भाव (मदनको मृत्यु, मुनाको वियोग) को प्रकटीकरण भएको छ भने *सुलोचना* महाकाव्यमा प्रमुख कारुणिक भाव प्रमुख छ भने रति वा प्रेम गौण भाव बनेको छ । देवकोटाको गरीब कविताको मूल भाव “मानिस धनले गरीब भए पनि कल्पनाले धनी छ र प्राकृतिक सौन्दर्यलाई आत्मसात् गर्दै शान्ति र सन्तोषका साथ शुद्ध परिश्रमको कमाइमा निर्भर रहन्छ भने सम्पन्न विलासी व्यक्तिहरूको असन्तोषपूर्ण जीवनका तुलनामा ऊ अतिशय सुखी हुन सक्छ” (जोशी, २०४८, पृ. ५०-५१) भन्ने हो । त्यस्तै *भानुभक्तीय रामायण*मा आदर्श प्रेम, कर्तव्य र भक्ति भाव प्रकट भएको छ ।

### ४.१.४ संरचना र ढाँचानिर्माण

संरचनाको शाब्दिक अर्थ बनाउनु वा निर्माण गर्नु हो । “संरचना वस्तुको बनोट हो” (शर्मा, २०५५, पृ. ९८) । यसले वस्तु वा कृतिको समग्र रूपाकृति, ढाँचा, व्यवस्था र सङ्गठनलाई बुझाउँछ । “विद्यमान सम्पूर्ण वस्तु तथा प्रणालीको अविच्छेद्य गुण वा सम्बन्ध नै संरचना हो ।” (लुइटेल, २०६८, पृ. ५९६) । प्रत्येक सिर्जनात्मक कृतिको आफ्नै विशेष प्रकारको संरचना हुन्छ । सिजर्नात्मक लेखनलाई प्रभावकारी ढङ्गले प्रस्तुत गर्न रूपरेखा, वाक्य, अनुच्छेद, परिच्छेद लगायतका भागहरूको क्रमबद्ध व्यवस्था तथा लेखनको आन्तरिक ढाँचा नै संरचना हो । यसमा स्रष्टाका अनुभव तथा विषयवस्तुका तत्त्वहरू सङ्गठित गरिएको हुन्छ । संरचना बाहिरी रूप मात्र होइन, यो वस्तु र रूपको समन्वित स्वरूप हो । संरचनाले सर्जकका मानसिकतामा छरिएर रहेका क्रमहीन, अस्पष्ट र अमूर्त भाव वा विचारलाई सङ्गठित र व्यवस्थित गर्दछ ।

कृति रचनाको योजना बनाउँदा त्यसको संरचनालाई विशेष तयारी गर्नु पर्दछ । कृति कस्तो ढाँचाको तयार पार्ने, त्यसको आन्तरिक र बाह्य बनोट केकस्तो बनाउने, विषयवस्तुतलाई केकसरी सुव्यवस्थित र सुसम्बद्ध गर्ने भन्ने जस्ता पक्षमा स्पष्ट हुनु पर्दछ । वाक्यगठन, अनुच्छेद योजना परिच्छेद वा खण्डसम्बन्धी प्रत्येक साहित्यिक विधाका आआफ्नै विशेष स्वरूप, स्वभाव, गुण र धर्म हुन्छन् । यिनको पूर्ण पालना र सुव्यवस्थित विन्यासले नै कृतिको संरचना सुन्दर र सन्तुलित हुन्छ । आख्यानको ढाँचा अँगालेर कविता रचना हुँदैन र कविताको ढाँचा अँगालेर निबन्ध रचना हुँदैन । रूप वा संरचनाका आधारमा नै सिर्जनात्मक विधाले विधागत गुण र धर्मसहितको आकृति ग्रहण गर्दछ । त्यसैले सिर्जनात्मक लेखनका लागि विधा र विषयको चयन तथा भाव वा विचारको निर्माण गरिसकेपछि त्यसलाई अभिव्यक्त गर्नुअघि सङ्कलित सामग्रीलाई कथा, कविता, नाटक, निबन्ध वा उपन्यास के बनाउने, त्यसलाई सुखान्त्य वा दुखान्त्य कस्तो बनाउने, त्यसलाई छन्दोबद्ध वा मुक्तलय कस्तो बनाउने, समाख्यानात्मक, वर्णनात्मक, आख्यानात्मक कस्तो बनाउने तथा आदि, मध्य र अन्त्य कुन भागमा राख्ने भन्ने जस्ता ढाँचागत कुराहरूको योजना बनाउनु पर्दछ । अत: संरचना लेखकले उसका मानसिकतामा आन्तरिक रूपमा रहेको विषयवस्तु र त्यससँग सम्बन्धित तथ्यलाई व्यवस्थित र सङ्गठित बनाउने रचनाको आन्तरिक प्रक्रिया भएकाले यसको तयारीमा विशेष ध्यान दिनु पर्दछ ।

### ४.१.५ शैली

कृतिमा कस्तो प्रकारको शैली अँगाल्ने भन्ने कुरा सिर्जनात्मक लेखनको महत्त्वपूर्ण प्रक्रिया

हो । संरचनाको योजना बनाइसकेपछि सर्जकले शैलीको छनोट र सुनिश्चितता गर्नु पर्दछ । शैली रचनाकारको रचनाशिल्प वा लेखनपद्धति हो । यो भाषाका माध्यमबाट विषयवस्तु, भाव र विचारलाई कल्पनासँग जीवन्त संयोजन गर्ने पद्धति हो । "रचनाकारको यस्तो विशिष्ट रचनाप्रकार वा अभिव्यक्तिलाई शैली भनिन्छ जसमा भाषिक एकाइको सौन्दर्य बोधक समुच्चय हुन्छ र भाषा एवं विषयका दृष्टिबाट विचलन हुन्छ" (शर्मा, २०६८, पृ. ५२२ । शैलीले हरेक रचनाकारलाई फरकफरक रूपमा पहिचान गराएको हुन्छ । विधा र विषयअनुरूप शैली पनि फरकफरक हुने गर्दछ । त्यस्तै समयसँगै विकसित हुने विशिष्ट र मौलिक पहिचान भएकाले निरन्तरको साधना, अनुकरण, संशोधन र प्रतिक्रियाबाट शैली विशिष्ट बन्दै जान्छ । विषय, विचार, भाव, लय आदि समान भए पनि प्रस्तुतीकरण, चित्रण, वर्णन र समाख्यान गर्ने तरिका हरेक लेखकको आआफ्नै हुन्छ । वर्णन शैली पनि व्यास र समास गरी दुई प्रकारका हुन्छन् । व्यास शैलीमा कथा, पात्र र घटना आदिको वर्णन विस्तारपूर्वक हुन्छ भने समास शैलीमा संक्षिप्तता र सूत्रात्मकता हुन्छ (थापा, २०५०, पृ १४४-१४५) । त्यसैले रचनाकारले कृतिमा के प्रस्तुत गर्छ भन्दा पनि कसरी प्रभावकारी रूपमा प्रस्तुत गर्दछ भन्ने कुरा महत्त्वपूर्ण हुन्छ । शब्दचयन, वाक्यगठन, लय, भाषिक ढाँचा (गद्य वा पद्य), पात्रहरू बोल्ने आवाज, लबज, परिवेशको वर्णन र प्रस्तुति कलाले शैलीलाई झल्काएका हुन्छन् । अत: शैली रचनाकारको व्यक्तित्व र पहिचान भएकाले यसले लेखकको पाठकसँगको सम्बन्धलाई सुदृढ बनाउँछ ।

विधा, विषयको स्वरूप, भाव, भाषा, सरल वा जटिल वाक्य संरचना, औपचारिक वा अनौपचारिक प्रस्तुति, कल्पनाशीलता, भावनात्मक प्रवाह जस्ता तत्त्वहरूले पनि शैलीको निर्धारणमा भूमिका खेलेका हुन्छन् । सरल, जटिल, साहित्यिक, आलङ्कारिक, परिष्कृत, प्रादेशिक वा स्थानीय, आधुनिक वा पुरातन कुनै पनि प्रकारको भाषिक प्रयोगले शैली विशिष्ट बनेको हुन्छ । सामान्यत: सिर्जनात्मक लेखनमा सामान्य भाषाभन्दा विशिष्ट भाषाको प्रयोग गरिएको हुन्छ । भाषिक चयनले नै पाठकसँगको सम्बन्ध निर्धारण गर्छ । वाक्य संरचना, आदिले शैलीमा महत्त्वपूर्ण भूमिका खेल्छ ।

भाषिक आधारमा शैली काव्यात्मक शैली, सूचनात्मक शैली, पत्रकारिता शैली, व्याख्यात्मक शैली, वर्णनात्मक शैली, विवरणात्मक शैली, संवादात्मक शैली, व्यङ्ग्यात्मक शैली, समास शैली, तार्किक शैली आदि हुन सक्छन् । त्यस्तै समयका आधारमा प्राथमिककालीन शैली, माध्यमिककालीन शैली, आधुनिक शैली हुन सक्छन् । चर्चित साहित्यकारका आधारमा भानुभक्तीय शैली, देवकोटेली शैली, समेली शैली आदि, तहका आधारमा उच्च शैली, मध्यम शैली, निम्न शैली, सामान्य शैली इत्यादि हुन सक्छन् । रचनाकारले आफ्ना कुरा जसरी लेख्छ वा भन्छ त्यसरी नै उसको शैली निर्माण हुन्छ ।

### ४.१.६. सामग्री सङ्कलन

सिर्जनात्मक लेखनको रचना प्रक्रियामा सामग्रीको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । सिर्जनात्मक लेखनका लागि चयन गरिएका विधाका विषयसँग सम्बद्ध सूचनाहरूको समष्टिलाई सामग्री भनिन्छ । तिनै सामग्रीहरू खोजी तिनलाई एकत्रित र व्यवस्थित गर्नु सामग्री सङ्कलन कार्य हो । रचनाकारका मानसिकतामा अमूर्त, अस्पष्ट, अविकसित, आकारविहीन र विशृङ्खलित अवस्थामा रहेको विषयलाई मूर्त, स्पष्ट, विकसित, साकार, शृङ्खलित र सङ्गठित बनाउन सामग्रीको आवश्यकता पर्दछ । यस कार्यले सर्जकको ज्ञान, अनुभव र कल्पनातत्त्वलाई विस्तारित, तार्किक र वास्तविक बनाउन सहयोग गर्दछ ।

सिर्जनात्मक लेखनको विषयका आधारमा विभिन्न स्रोतका सामग्रीको उपयोग गर्न सकिन्छ । यो मौलिक प्रकृतिको स्वतन्त्र लेखन भएकाले यसमा

सामग्री सङ्कलनका लागि सर्वेक्षण विधि महत्त्वपूर्ण र उपयुक्त मानिन्छ । यस विधिको उपयोग गरी पुस्तक, पत्रपत्रिका, अनलाइन सामग्री, अभिलेख, डायरी, प्रतिवेदन आदिको अध्ययन, ऐतिहासिक, धार्मिक, सांस्कृतिक, प्राकृतिक, औद्योगिक आदि स्थलको भ्रमण, निरीक्षण एवं अवलोकन, आधिकारिक व्यक्तिसँगको अन्तर्वार्ता, समकालीन राष्ट्रिय अन्तर्राष्ट्रिय गतिविधि एवं घटनाक्रम, उत्पादन, आविष्कार र निर्माण आदि स्रोतबाट सामग्री प्राप्त गर्न सकिन्छ । समाज, व्यक्ति, प्रकृति, स्थिति, अवस्था, धर्म, संस्कृति, परम्परा, सामाजिक मूल्य र मान्यता, व्यक्तिगत भेटघाट लगायत समग्र प्रणाली र क्षेत्रबाट सामग्री प्राप्त हुन्छन् । त्यसै गरी सर्वेक्षणका क्रममा कतिपय स्रष्टा आफैले स्मरण गरेका र अरुबाट स्मरण गरिएका कुराहरू, कुनै विषयका पक्ष विपक्षमा गरिएका चिन्तन मनन, अरूसँग गरिएका छलफल र वार्तालापहरूबाट प्राप्त विचार पनि सामग्रीका स्रोत हुन् । विभिन्न स्रोतबाट सङ्कलित सामग्रीलाई छुट्टाछुट्टै टिपोट गर्दै जानु पर्दछ । यसो गर्दा सर्जकलाई लेखनको बेला विषय, भाव र विचारका सन्दर्भलाई सम्झन र प्रयोग गर्ने सजिलो हुन्छ । यसरी सङ्कलित सामग्रीहरूलाई सिर्जनात्मक विधाका विधागत ढाँचामा राखी अभिव्यक्त गरिन्छ ।

## ४.२ सिर्जनात्मक लेखनका चरणहरू

सिर्जनात्मक लेखन निश्चित विधि र प्रक्रियाका आधारमा गरिने चरणबद्ध लेखन हो । यसका विभिन्न चरण हुन्छन् । शीर्षकीकरण, तयारी, योजना, स्फूरण, प्रारम्भ, प्रवाह तथा विचार, अनुभूति र इन्द्रियबोधलाई भाषिक युक्तिसँग सम्मिलन यसका प्रमुख चरण हुन् ।

### ४.२.१ शीर्षकीकरण

शीर्षकीकरण सिर्जनात्मक लेखनको प्रारम्भिक चरण हो । "'शीर्षकीकरण' सबै साहित्यिक विधाका कृतिहरूको आङ्गिक बाह्य तत्त्व हो । साहित्यका सबै विधाका कृतिहरूको कुनै न कुनै नामकरण गरिएको हुन्छ र त्यही नामकरण नै सम्बन्धित विधाका कृतिको 'शीर्षक' हो" (अवस्थी, २०६८, पृ. ४८२) । यो लेखन सुरु गर्नुअघि र पछि दुवै बेला खोज्न सकिन्छ । कृतिको मूल विषयवस्तु, केन्द्रीय भाव, मूल सन्देश वा सार एवं उद्देश्यलाई छोटकरीमा प्रस्तुत गर्ने वा झल्काउने शब्द या शब्द समूह शीर्षक हो । शीर्षक सिर्जनात्मक कृतिको नामकरण मात्र नभई विचार वा भावको सारभूत सङ्केतक भएकाले यो सम्पूर्ण पक्षलाई समट्ने छोटो, छरितो, स्पष्ट, आकर्षक र उपयुक्त हुनु पर्दछ । यो सम्पूर्ण रचनाको सार प्रस्तुत गर्ने, आकर्षक, मौलिक र विषयसँग मेल खाने हुनु पर्दछ । "शीर्षक विशेषीकृत भएमा यसले कृतिका अन्तर्बाह्य संरचना र भाषाशैलीले बहन गरेका समग्र विषयवस्तुको केन्द्रीय कथ्यलाई जाहेर गर्दछ नै । तर खास कोण नभएका सामान्यीकृत शीर्षकमा त्यो सामर्थ्य हुँदैन, शीर्षक र केन्द्रीय कथ्यका बीच बाहिरी वा भित्री सङ्गति नै नहुनु चाहिँ विडम्बना नै हुन पुग्छ" (त्रिपाठी, न्यौपाने र सुवेदी, २०४६, पृ. १८) । यसबाट के स्पष्ट हुन्छ भने शीर्षक सङ्गतिपूर्ण, सार्थक र विशिष्ट हुनु पर्दछ ।

अनुपयुक्त शीर्षक पाठकमा जिज्ञासा पैदा गर्न र पाठकको ध्यान खिच्न र पाठकलाई कृति पढ्न प्रेरित गर्ने असमर्थ हुने भएकाले शीर्षकीकरणमा उपयुक्त शब्दहरूको प्रयोग गर्नु पर्दछ । शीर्षक चयन गर्दा विषयवस्तु, पात्र, परिवेश, लेखकीय उद्देश्य आदिलाई आधार बनाउन सकिन्छ । संक्षिप्त, आकर्षक, मौलिक, विषयसँग मेल खाने, अर्थपूर्ण शीर्षकले विषयलाई स्पष्ट रूपमा अभिव्यक्त गर्ने मात्र होइन, पाठकमा सजिलै प्रभाव जमाउँछ । जस्तै : निर्विकल्प सपना, आकाशका आँखा, चन्द्रसूर्यको मन, आमाको ममता, एकान्तका रङ्गहरू आदि । अभिधात्मक, भावमूलक, लक्षणामूलक, अन्योक्तिमूलक, व्यङ्ग्यात्मक जुनसुकै स्वरूपको शीर्षक भए पनि त्यसको मूल सम्बन्ध केन्द्रीय कथ्यसँग स्थापित भएको हुनु पर्दछ ।

### ४.२.२ तयारी

विभिन्न स्रोतबाट सामग्री सङ्कलन गरिसकेपछि लेखनपूर्व सजग भई आफ्ना भावना र अनुभूतिको विश्लेषण गरी रचनाप्रति एकाग्र हुने तथा आत्मचिन्तनमा केन्द्रित हुने चरण तयारी हो । यो लेखनप्रक्रिया सुरु गर्नुअघि मानसिक र भौतिक सामग्रीगत तयारीको चरण हो । रचनाकार लेखनका लागि उपयुक्त मनोदशा बनाई तयारीका साथ अगाडि बढ्दा कृतिले पूर्णता प्राप्त गर्दछ । रचनाकारका मानसिकतामा विचारहरू टुक्राटुक्रा छरिएर आउने हुँदा ध्यान केन्द्रित गरी तिनलाई टिपोट गरी सुव्यवस्थित गर्नु आवश्यक हुन्छ । लेखनका लागि लेखन उपकरण (कम्प्युटर, डायरी, कापी, कलम आदि) को पूर्ण व्यवस्था गर्दा स्फूरण र प्रवाहमा अवरोध उत्पन्न हुँदैन । त्यस्तै लेखनका लागि एकान्त, शान्त, रमणीय, कल्पनालाई तीव्रता दिने प्रेरणादायक वातावरणको खोजी अपेक्षित रहन्छ । वास्तवमा यो रचनाकारले आफ्ना स्मृति, सपना, कल्पनाजस्ता आन्तरिक संसारसँग सम्पर्क गरी व्यावहारिक र मनोवैज्ञानिक तयारीहरू पूरा गर्ने चरण हो । सर्जकको मानसिक तयारीले नै सिर्जनात्मक कार्यलाई निर्बाध रूपमा अगाडि बढाउँछ । रचनाको विषयसँग सम्बन्धित पुस्तकालयीय सामग्रीको अध्ययन गर्ने, डायरीमा टिपोट गर्ने, लेखनको वातावरण निर्माण गर्ने जस्ता कार्यले सफल र पूर्ण कृति रचना हुन्छ ।

### ४.२.३ योजना

सिर्जनात्मक लेखनलाई व्यवस्थित र योजनाबद्ध लेखन प्रक्रिया मानिन्छ । योजना लेखनको मोटामोटी खाका कस्तो हुनुपर्छ र कृतिको रूपरेखा कस्तो बनाउने भन्ने कुराको निर्धारण गर्ने चरण हो । योजनाविहीन तरिकाले गरिएको रचना त्रुटिपूर्ण हुन सक्ने र समयमै समाप्त हुन नसक्ने भएकाले कृति रचनाका लागि प्रारम्भिक योजना तयार गर्नु आवश्यक हुन्छ । यस चरणमा विधा, विषय, पाठक, शीर्षक, शैलीजस्ता आधारभूत कुराहरू चयन गरिसकेपछि लेखनको संरचना तयार पार्ने चरण, लेखनको उद्देश्य अनुसार योजना बनाउने कार्य सम्पन्न गरिन्छ । यो विषयवस्तु वा घटनाक्रमको आरम्भ, उत्कर्ष, सङ्कट, समाधान अर्थात् आदि, मध्य र अन्त्यको क्रम निर्धारण एवं अनुच्छेद, परिच्छेद, अध्याय वा भाग, खण्ड आदिको खाका निर्माण गरी कृतिको प्रारम्भिक रूपरेखा तयार पार्ने चरण भएकाले सर्जक सचेत र सावधान हुन जरुरी हुन्छ । रचनाकार लेखनको पूर्वरूप र संरचना निर्माणको प्रक्रियामा रहने यस चरणमा लेखन कार्य अगाडि बढाउन लेखको विषय, पात्र, स्थान, समय, परिवेश, घटनाक्रमसँग सम्बद्ध कुराहरूलाई पूर्वनिर्धारण र व्यवस्थापन गर्ने कार्य गर्नु पर्दछ । यही क्रममा विचारहरूको क्रमबद्ध सङ्गठन तयार पार्नु र लेखनको मार्गचित्र बनाउनु पर्ने हुन्छ । त्यस्ते पाठकको भाषिक ज्ञान र क्षमता, उनीहरूको विषयप्रतिको रुचि, उमेरसमूह, विषयवस्तु ग्रहण गर्न सक्ने क्षमता आदि निर्धारण गर्ने कार्यले कृतिको उद्देश्यलाई थप प्रभावकारी बनाउँछन् ।

सिर्जनात्मक लेखनका लागि समयको व्यवस्थापनसम्बन्धी योजना अत्यन्त महत्त्वपूर्ण हुन्छ । समयको व्यवस्थापन गर्न सकिएन भने स्फूरित भावलाई पक्रन सकिँदैन । यसले गर्दा भन्न चाहेको र भन्नु पर्ने कुराहरू छुट्ने र विचारहरू विशृङ्खलित भई सिर्जनात्मक कृति अपूर्ण, असन्तुलित र अपरिपक्व बन्ने हुन्छ । योजनाकै क्रममा पात्रलाई केकस्तो भूमिका दिने, लेखकीय विचारहरूलाई कति स्वयंले भन्ने र कति पात्रहरूमार्फत भन्ने तथा पात्रहरूको सामाजिक पृष्ठभूमि, सांस्कृतिक धराल, आर्थिक अवस्था, शैक्षिक स्थिति, मनोवैज्ञानिक अवस्था, भावनात्मक उतारचढावजस्ता कुराहरूलाई प्रस्तुत गर्ने पद्धतिको निक्र्यौल गर्नु पर्दछ । कृतिमार्फत दिन चाहेको सन्देशलाई प्रस्तुत गर्ने पद्धतिका लागि प्रथम पुरुष वा तृतीय पुरुष दृष्टिविन्दु कुन उपयुक्त हुन्छ सोसमेत निर्धारण गर्ने कार्य पनि यही चरणमा सम्पन्न गरिन्छ । कथनात्मक, संवादात्मक वा वर्णनात्मक, दृश्यात्मकमध्ये कुन विधि छनोट र

निर्धारण गरी कुन पक्षमा विस्तारपूर्वक र कुन पक्षमा सूत्रात्मक अभिव्यक्ति दिने भन्ने जस्ता कुरामा स्पष्ट हुनु पर्दछ । यसप्रकार व्यवस्थित योजनाले नै राम्रो कृतिको सिर्जना हुन्छ ।

### ४.२.४ स्फूरण

स्फूरण आन्तरिक रचना प्रक्रियाको महत्त्वपूर्ण चरण हो । "सर्जकका मनमा कृति फुर्नु नै स्फुरण हो" (शर्मा, २०५५, पृ. ५९०) । कल्पना र भावनाको प्रतिभासँग सम्मिलन भएपछि स्फूरण हुन्छ । "मानसपटमा रहेका भावहरूको सृजनशील भावावेगलाई कलात्मक रूप दिएर प्रस्तुत गर्दै भाव र भाषाको सन्तुलित सिर्जनात्मक ऊर्जालाई स्फूरण भनिन्छ अथवा सम्बन्धित भाव विचार र विषयका बारेमा मानसपटमा खेलिरहेका भाव शृङ्खलालाई स्फूरण भनिन्छ" (पराजुली, २०५३, पृ. २५) । मनमा विषयवस्तु, भाव वा विचारलाई अगाडि बढाउन नयाँ नयाँ कल्पना हुन थाल्छन् । अनुभूतिको तीव्रतम प्रवाह हुँदा सर्जकले आफ्नो मनोलोकमा कृतिको स्वरूप स्पष्ट रूपमा देख्न थाल्नु नै स्फूरण हो । स्फूरण भएन भने यसपूर्वका रचना प्रक्रियाका सम्पूर्ण कार्यहरू निरर्थक हुन्छन् । यो त्यस्तो चरण हो जसमा रचनाकारको कल्पनाशक्ति र भावनात्मक ऊर्जा जागी सिर्जनात्मक ऊर्जाको उदय हुन्छ । तसर्थ स्फूरण लेखन कार्यलाई सहजतापूर्वक प्रवाह गर्ने प्रमुख कारकीय तत्त्व हो । यो आन्तरिक भावना, दृश्य, घटना वा स्मृतिबाट उत्पन्न हुने प्रक्रिया पनि हो । स्फूरण भएपछि कृतिको साकार र सार्थक स्वरूप सर्जकका मनमा अभिप्रकट हुन्छ । यसले कृतिलाई बाह्य रचनाप्रक्रियामा ल्याउने वातावरण बनाउन तीव्र प्रेरणा प्रदान गर्दछ । यो एकप्रकारको आकस्मिक वा अनुभूतिजन्य कल्पनाशक्ति एवम् संवेदना भएकाले यसले सशक्त रचनाकारका मनोजगत्मा भावनात्मक वा दृश्यात्मक छवि उत्पन्न गर्दछ ।

### ४.२.५ प्रारम्भ

प्रारम्भ विचार र योजनाको आधारमा लेखन कार्यको वास्तविक सुरुआत गर्ने चरण हो । यहीँबाट सिर्जनात्मक कृतिको प्रथम लेखन प्रारम्भ हुन्छ । यसपूर्वका सम्पूर्ण कार्यहरू रचनाकारका मनमस्तिष्कमा घटित हुन्छन् । यो रचनाकारका मनमा रहेको कृतिको अमूर्त स्वरूपलाई कलात्मक रूप दिई लिपिका सहायताले लेखन कार्य गरी भौतिक स्वरूप प्रदान गर्ने विशेष क्षण हो । प्रारम्भिक लेखन पाठकलाई रचनाभिमुख गराउन प्रेरित गर्ने कार्य हो । "सिर्जनात्मक लेखनमा लेखन भन्नाले स्फूरण र लिप्यान्तरणलाई लिनुपर्ने हुन्छ । अनुभूत जीवन जगत्बाट लिइएका भाव वा विचारलाई कुनै विषय र शैलीमा आबद्ध गरी भाषिक अभिव्यक्ति प्रस्तुत गर्नु लेखन हो" (पराजुली, २०५३, पृ. २५) । पहिलो वाक्य वा अनुच्छेदले लेखको मनोवृत्ति निर्धारण गर्ने र पाठकको ध्यानाकर्षण गराउने भएकाले लेखन प्रारम्भ गर्दा संवेदनात्मकता, भावनात्मक, नाटकीयता, रहस्यमयता जस्ता कुराहरूमा ध्यान दिनु आवश्यक हुन्छ । थालनी पाठकलाई लेखमा प्रवेश गराउने प्रमुख आधार भएकाले यो आकर्षक, मार्मिक र संवेदनशील हुनु पर्दछ । रूपमा भएमा लेखन प्रवाहित हुने मात्र होइन, पाठकमा स्वाभाविक जिज्ञासा र कौतूहल सिर्जना हुन्छ । जसले गर्दा लेखक र पाठकको सुमधुर र आत्मीय सम्बन्ध स्थापित भई लेखकीय विचार वा सन्देश साकार हुन पाउँछ । यसरी रचनालाई आकर्षणीयता प्रदान गर्ने कार्य महत्त्वपूर्ण मानिने भएकाले प्रारम्भमा विशेष ध्यान दिनुपर्दछ ।

### ४.२.६ प्रवाह

विचार, अनुभूति र घटनाक्रमलाई अविरल, सहज र लयबद्ध रूपमा प्रस्तुत गर्ने प्रक्रिया नै प्रवाह हो । यो कृति ग्रहणमा पाठकलाई कौतूहल सिर्जना गर्ने तत्त्व हो । लेखन प्रारम्भ भएपछि विषय, भाव, भाषाको अविरल प्रवाह अपेक्षित हुन्छ । यो एक किसिमले सिर्जनालाई नदीजस्तै सलल बग्ने बनाउने कला हो । रचनामा लेखकीय भावनाको आवाज र अनूभूतिको गति निरन्तर प्रवाहित हुनु पर्दछ । यो विचार र

भावनाको निरन्तरता एवं अवरोधरहित लेखन कार्य हो । भावको समुचित प्रवाह हुन सकेन भने कृति यान्त्रिक, कृत्रिम र बनावटी हुन्छ । रचनाकारले लेखनको गति बनाइराख्न लेखनमा स्वाभाविकता, गत्यात्मकता र लचकता अपनाउनु पर्दछ । लेखको लय, गति र भावनात्मक उतारचढावले प्रवाह दिन्छ । प्रवाहले रचनाको मनोवृत्ति निर्धारण गरी त्यस रचनालाई जीवन्तता प्रदान गर्दछ । प्रारम्भिक लेखनमा सम्पादनभन्दा सिर्जनामा केन्द्रित हुनुपर्दछ । सम्पादनतर्फ लाग्दा प्रवाहमा अवरोध हुन सक्तछ । शाब्दिक एवं व्याकरणिक संसक्तिमा ध्यान दिई त्यसैले, त्यसर्थ, त्यसपछि, एकाएक, अचानकजस्ता सङ्क्रमणशील शब्दको समुचित प्रयोगले लेखनमा प्रवाह थप्छ भने पाठकलाई नअलमल्याई बगाएर उद्देश्योन्मुख बनाउने तथा विचार वा भावग्रहण प्रक्रिया सहज तुल्याउँछ । भावनाको प्रवाह भएको समयमा कृतिको रचना गर्दा कृति सशक्त बन्छ । यस प्रकार सन्तुलित विषय, विचार वा भावको सन्तुलित प्रवाहले नै सिर्जनात्मक सफलता प्राप्त हुन्छ । भावलाई पक्रन सक्ने भाषिक प्रवाहले हुन सक्यो भने मात्र उत्तम कृति रचना हुन्छ ।

### ४.२.७ विचार, अनुभूति र इन्द्रियबोधलाई भाषिक युक्तिसँग सम्मिलन

विचार, अनुभूति र इन्द्रियबोधलाई भाषिक युक्तिसँग सम्मिलन गराउने सिर्जनात्मक लेखनको आत्माका रूपमा रहेको चरण हो । रचनाकारले आफ्ना आन्तरिक अनुभूति, विचार र इन्द्रियबोधलाई भाषिक शिल्पसँग मिसाएर रचनालाई कलात्मक र सजीव बनाउने प्रयत्न गरेको हुन्छ । कुनै पनि कृतिको सफलता विफलता त्यासमा प्रयुक्त भाषाले निर्धारण गरेको हुन्छ । त्यसैले सामाजिक, सांस्कृतिक, आर्थिक, राजनीतिक, वैज्ञानिक आदि स्रोतबाट प्राप्त विषयवस्तुसँग सम्बन्धित विचार, दर्शन तथा व्यक्तिगत सन्देशलाई अभिव्यक्त गर्न सक्ने उपयुक्त भाषिक युक्तिहरूको प्रयोगले रचनालाई आकर्षक र ग्राह्य बनाउँछ । लेखकले अनुभूत गरेका भावनालाई पाठकले पनि सहजतापूर्वक अनुभूत गर्न सक्ने समुचित तथा स्वाभाविक बिम्ब प्रतीक तथा उपमा, रूपक, दृष्टान्त, उत्प्रेक्षा जस्ता अलङ्कारको उपयुक्त योजनाले विचार, अनुभूति र इन्द्रियबोधलाई भाषिक युक्तिसँग सहजै सम्मिलन गराउँछन् । विषय, भाव, भाषा र शैलीको सन्तुलित प्रयोगले कृतिलाई जीवन्त तुल्याउँछ । त्यसैगरी भावनालाई प्रभावकारी बनाउन लयात्मकता, पुनरुक्ति, विषयीकरणमा विशेष ध्यान दिनु पर्दछ ।

भाव वा विचारलाई नारा वा उपदेशका रूपमा नभई पाठकले कृतिको रसास्वादनकै क्रममा स्वयंले थाहा पाउने गरी कलात्मक ढङ्गले प्रस्तुत गरिएका कृतिहरू नै कालजयी हुन्छन् । श्रव्य, दृश्य, स्वाद, गन्ध र स्पर्शजस्ता इन्द्रियजन्य अनुभूतिबोध गराउने भाषिक युक्तिहरूले रागात्मकता उत्पन्न गरी पाठकलाई कृतिभित्रको संसारमा लैजाने मद्दत गर्ने भएकाले रचना इन्द्रिय संवेद्य हुनु पर्दछ । जस्तै :

श्रव्य अनुभूति :

> पहिलो : म ऋणमात्र बाँचिरहेछु । संसार बाँचिरहेको छैन ।
>
> (पर बम बिस्फोट हुन्छ )
>
> उः यो केको आवाज हो ?
>
> चौथो : नडराऊ, त्यहाँ बम बिस्फोट भयो, हामी बाँच्यौं (पराजुली, २०३७, पृ. ११९) ।

यस सन्दर्भले बम बिस्पोटको आवाजले श्रव्य संवेदना उत्पन्न गराएको छ ।

दृश्य अनुभूति :

"क्रिकेट मैदानजस्तो देखिने हरियो फाँट कमेरोको सेतो घेराले अझै सुन्दर देखियो" (जोशी, २०७२, पृ.२२) ।

यस सन्दर्भले कमेराको सेतो घेरो लागेको हरियालीयुक्त वातावरणले क्रिकेट मैदान जस्तो दृश्यको उपस्थिति भई दृव्य संवेदना उत्पन्न गराएको छ ।

स्वाद अनुभूति :

"कि पानी मिठो उबाई खा'को हरियो पातले

कि पानी मिठो सारेर ल्या'को कलिलो हातले" (घिमिरे, २०६०, पृ. १०५)

यस सन्दर्भले हरियो पातले उबाएको र कलिलो हातले सारेको पानीमा मिठो स्वादको अनुभूति गराएको छ ।

गन्ध अनुभूति :

"माइलाबालाई चार वर्षदेखि कोड लागेको थियो । सुरुमा लाटा-फुस्रा दागहरू देखा परे । बिस्तारै पाक्न थाले । पाकेर हातका औँलाहरू ठुन्किए । ...उनका अगाडि बसेर खान पनि घिन लाग्न थाल्यो । ....पाकेर भत्कोस भएपछि घरसम्मै दुर्गन्ध पुग्न थाल्यो" (जोशी, २०७२. पृ. ७०-७१) ।

यस सन्दर्भमा कुष्ठरोगले ग्रस्त माइला बाको शरीरमा लागेको दागको पाकेर त्यो घाउबाट निस्केको दुर्गन्धले गन्धको अनुभूति गराएको छ ।

स्पर्श अनुभूति :

कलिला करले मुसार्छिन् मलाई हावाले निधारमा,

जुन वायु नीला वनबाट धाउँछ झोपडी किनारमा,

कलिलो पर्श ! कलिली सँगी ! एकान्त गुल्जार छ !

संसारको ज्वरो रन्केको अब शीतल निधार छ । (देवकोटा, २०७६, पृ. १५५)

यस सन्दर्भ शीतल हावाको स्पर्शमा ज्वरशमन गर्ने सामर्थ्य भएको स्पर्शानुभूति भएको छ ।

यस प्रकार कृतिमा प्रस्तुत भाव वा विचारले पाठकमा इन्द्रियजन्य संवेदना उत्पन्न गराउनमा भाषिक युक्तिहरूको महत्त्वपूर्ण भूमिका रहन्छ । सर्जकले रचना प्रयुक्त पात्रको भावना अनुभूत गर्न सके मात्र पाठकले लेखकीय विचार र भावना महसुस गर्न सक्ने भएकाले शब्दचयन, वाक्यसंरचना, गति, यति र विराममा विशेष ध्यान दिनु पर्दछ । विषयको स्वरूप, लेखकको भावना र शैलीअनुसार शब्दको पुनरावृत्तिमा समेत जोड दिनु पर्दछ । कृतिलाई कलात्मकता प्रदान गर्नुका साथै इन्द्रिय संवेद्यता उत्पन्न गराउन अलङ्कार योजना, प्रतीक र बिम्बको समुचित विधान, लोकोक्ति र उखानटुक्काको प्रयोग लगायतका भाषिक युक्तिहरूको उपयुक्त विधान आवश्यक पर्दछ । भाषिक युक्तिहरूको समुचित प्रयोग र तिनको अर्थतग सम्बन्धले लेखकीय सन्देशलाई स्पष्ट र प्रभावकारी बनाउँदछ ।

## ५. लेखन समाप्तिपछिको प्रकार्य

सिर्जनात्मक लेखनको प्रारम्भिक लेखन समाप्तिपछिको प्रकार्य त्यसको परिमार्जन र सम्पादन हो । परिमार्जन सिर्जनात्मक कृतिलाई शुद्धीकरण गर्ने चरण हो । रचनालाई परिष्कृत, व्यवस्थित र प्रकाशितयोग्य बनाउन परिमार्जन आवश्यक हुन्छ । कुनै पनि सिर्जनात्मक कृति एकपटक लेखिसकेपछि त्यसलाई द्रष्टा वा भोक्तासमेत भई स्वयं रचनाकारले परिमार्जन गर्दा कृति उन्कृष्ट हुन्छ (त्रिपाठी, २०६६, पृ. १९८) । मस्यौदाका रूपमा तयार पारिएको सिर्जनात्मक रचनालाई संशोधन गरी पुनर्लेखन गर्नुपर्दछ । आवश्यकताअनुसार त्यसको काँटछाँट गर्नु पर्दछ । रचनाको सीमारेखाको पालना भए नभएको निक्र्यौल गरी कृतिको समग्र सम्पादन गर्नु पर्दछ । लेखकले आफ्ना भावनालाई शब्दका माध्यमबाट मूर्त रूप दिएपछि त्यस कृतिका विधागत ढाँचाभित्रका आवश्यक अंशहरू स्पष्ट आउने हुनुपर्दछ । शुद्धीकरणमा रचनाको मूलभाव विचार हराएको हुनुहुँदैन, बिम्ब, प्रतीक, अलङ्कार जस्ता कुराहरू सशक्त हुनुपर्दछ, भाषा सरल, सहज, प्रवाहपूर्ण र बोधगम्य भएको हुनु पर्दछ (पराजुली, २०५३, पृ. २६) । प्रारम्भिक लेखन प्रक्रियामा रचनाका विविध पक्षमा केही कमीकमजोरी रहेको हुनसक्ने भएकाले नै परिमार्जन अत्यन्त जरुरी हुन्छ । परिमार्जनबाटै कृतिले स्तरीयता प्राप्त गर्दछ । यहाँ लेखन समप्तिपछिका प्रकार्यहरूलाई क्रमिक रूपमा प्रस्तुत गरिएको छ :

## ५.१ पुनर्लेखन

पुनर्लेखन भन्नाले पहिले लेखिएको मस्यौदालाई दोहोर्‍याएर फेरि लेख्ने प्रक्रिया हो । यो सिर्जनात्मक लेखनको गुणस्तरमा सिधा प्रभाव पार्ने अत्यन्तै महत्त्वपूर्ण चरण हो । यसमा भाव नबिग्रने गरी लेखको विषयवस्तु, भाषा, शैली, संरचनामा सुधार गरिन्छ । लेख तयार भएपछि त्यसलाई हेरेर त्यसमा देखा परेका कमी कमजोरीमा आवश्यक सुधार, परिवर्तन र पुन:संरचना गरिन्छ । यस कार्यमा विषयवस्तु थपघट गर्ने, वाक्य संरचनालाई परिमार्जन गर्ने, अस्पष्ट वाक्यहरू परिमार्जन गरी स्पष्ट पार्ने, विषयवस्तु र विचारलाई स्पष्ट, सुसङ्गत, सुसङ्गठित र सुनिश्चित गर्ने कार्य गरिन्छ । त्यसै गरी पुनर्लेखनका क्रममा विचारको क्रम मिलाउने, अनावश्यक वा अप्रासङ्गिक अनुच्छेद हटाउने, अनुच्छेदहरूको क्रम नमिलेको भए मिलाउने, संरचनागत फेरबदल गर्ने र सुसङ्गतता कायम गर्ने कार्य गर्नु पर्दछ । विषयको गहिराइमा ध्यान दिई मूल विचारलाई अझ परिष्कृत र बलियो बनाउने, केही जानकारी छुटेको भए थप्ने, उदाहरण वा तर्क थप्ने तथा लेखन शैलीमा स्पष्टता, प्रभावशीलता र पठनीयताको ल्याउने उद्देश्यले शब्दहरू फेर्ने कार्य गरी आवश्यक परिमार्जन पनि यस चरणका कार्य हुन् । पुनर्लेखनले सिर्जनालाई सशक्त र अर्थपूर्ण बनाउँछ । पुनर्लेखन भनेको केवल लेख दोहोर्‍याएर लेख्नु होइन, यो विचारलाई सशक्त बनाउने, लेखलाई प्रभावकारी र आकर्षक बनाउने सिर्जनात्मक प्रक्रिया हो । नियमित अभ्यास, आत्मसमीक्षा र प्रतिक्रिया लिने बानीले पुनर्लेखन सीपलाई अझ प्रभावकारी बनाउन सकिन्छ ।

## ५.२ काँटछाँट

काँटछाँट लेखनको सम्पादन चरणको अभिन्न अङ्ग हो । लेखमा रहेका अनावश्यक, अप्रासङ्गिक, दोहोरिएका, विषयसँग प्रत्यक्ष सम्बन्ध नभएका अंशहरू हटाई लेखलाई वा दोहोरिएको भाषा सशक्त बनाएर लेखलाई सान्दर्भिक, स्पष्ट र प्रभावकारी बनाउने प्रक्रिया नै काँटछाँट हो । यसको उद्देश्य लेखलाई स्पष्ट बनाउने, भाषा सुदृढ गर्ने, पुनरावृत्ति घटाउने, पठनीयता बढाउने, अनावश्यक लम्बाइ हटाउने, कमजोर वाक्य हटाएर सशक्त बनाउने हो । यसमा अनुच्छेद, अध्याय र खण्ड परिमार्जन गरी आवश्यक सन्तुलन मिलाउने कार्य समेत गरिन्छ । भावपक्ष  र कलापक्षमा अधिकतम सन्तुलन मिलाउने प्रयत्न यसमा हुन्छ ।

## ५.३ सीमारेखाको पालना

लेखनमा सीमारेखाको पालना गर्नु अत्यन्त आवश्यक हुन्छ । सिर्जनात्मक रचनामा विधा, शीर्षक, विषयवस्तु एवं शैलीअनुरूपको सीमारेखा पालना गरिएको हुनु पर्दछ । यहाँ सीमारेखा भन्नाले विधागत सुस्पष्टता, शब्दसङ्ख्या, विषयको परिधि, शैली र ढाँचा, समयसीमा, उद्देश्य जस्ता विभिन्न पक्षहरूको सीमा बुझिन्छ । कति समयमा कार्य पूरा गर्ने, कुनकुन कुरा लेख्ने, कत्रो आकारको बनाउने, विषयवस्तुलाई कति खण्ड वा कति परिच्छेदमा समेट्ने, कति लागतमा तयार पार्ने जस्ता कुरामा स्पष्ट हुनु जरुरी हुन्छ । सीमारेखाको पालना नगर्दा लेख अस्वीकृत हुने वा अपूरो ठहरिन सक्छ । लेखलाई परिमार्जन गरी निर्धारित शीर्षकको दायराभित्र रहने, विधागत स्वरूपको पालना गर्ने, विषयवस्तुको परिधि र क्षेत्रको ख्याल गर्ने, लेखन कार्यलाई निर्दिष्ट मापदण्डभित्र राख्ने, तोकिएको शब्दभित्र लेख तयार पार्ने जस्ता कार्यहरूमा ध्यान दिनु पर्दछ । जस्तै कथाको विधागत सीमा छोटो छरितो हुनु पर्छ । एडगर एलेन पोले लघुकथा एक बसाइमा सकिने तथा एच.जी वेल्सले बीस मिनेटमा पढिसकिने संक्षिप्त आख्यान कथा हो भनेर चिनाएका छन् (उपाध्याय, २०४९, पृ. १४२ । विषयको वर्णन गर्न, चरित्रको चित्रण गर्न सकिन्छ भन्दैमा लघुकथा पढ्न घण्टौं समय लाग्ने सयौं पेजको बनाउन मिल्दैन । त्यस्तै खण्डकाव्यमा जीवनको एक खण्डको प्रस्तुति हुन्छ भने त्यसमा जीवनको समग्र पक्षको प्रस्तुति गर्नु हुँदैन । यसरी

परिमार्जनका क्रममा समय, स्थान, विषय, विधा, शैली लगायतका सीमालाई समेत ख्याल गर्नु पर्दछ ।

## ५.४ समग्र सम्पादन

रचनाको सम्पूर्ण पक्ष हेरेर व्यापक सुधार गर्ने प्रक्रियालाई समग्र सम्पादन भनिन्छ । यो चरणको उद्देश्य लेखलाई त्रुटिरहित बनाउन हो । यसमा सानाठूला सबै प्रकारका त्रुटिहरू सच्याइन्छ । रचनामा भएका वर्णविन्यासगत, विराम चिह्नगत, व्याकरणिक त्रुटि, संरचनागत, विचारगत त्रुटिहरूलाई सूक्ष्मतापूर्वक हेरेर सच्याइन्छ । सन्दर्भअनुसारको उचित शब्दचयन भए नभएको हेरी अझ सटीकता प्रदान गरिन्छ । लेखमा दिइएका तथ्यहरू परीक्षण गरी प्रामाणिक स्रोतबाट पुष्टि गरिन्छ । शैली, तथ्य र सुसङ्गति जाँच गर्दै सम्पूर्ण रूपमा सुधार गरिन्छ । विरोधी विचार र अभिव्यक्तिलाई समेत ख्याल गर्दै तार्किक स्पष्टता सुनिश्चित गर्ने कार्य यस चरणमा सम्पन्न गरिन्छ । अतः भाषा सुधार, तथ्य परीक्षण, स्रोत पुष्टि जस्ता सबै पक्षमा सूक्ष्मतापूर्वक परीक्षण गर्नु नै सम्पादन हो । यसपछि मात्र कृति प्रकाशनयोग्य बन्दछ ।

## ५.५ रुजुसूचीको उपयोग

रुजुसूचीको उपयोग लेखनको अत्यन्तै महत्त्वपूर्ण अङ्ग हो । यो लेखमा प्रयोग भएका स्रोतहरूको सूची प्रस्तुत गर्ने प्रक्रिया हो । यसको उद्देश्य स्रोतको श्रेय दिनु र लेखको प्रामाणिकता देखाउनु, बौद्धिक इमानदारी कायम गर्नु हो । विशेषतः अनुसन्धान, शैक्षिक वा प्राविधिक लेखनलाई विश्वसनीय बनाउन लेखकले प्रयोग गरेका स्रोतहरूको उल्लेख गरिएको हुन्छ । रचनामा उद्धरण, तथ्याङ्क, चित्र, सङ्केत वा कुनै विचार उल्लेख गरिएको भए त्यसको सत्यताका लागि सामग्रीको स्रोत, पुस्तक, वेबसाइट, जर्नल आदि सन्दर्भहरूको पूरा विवरण उल्लेख गरी तयार पारिएको व्यवस्थित सूची रुजु गरी अन्तिम रूप दिनु पर्दछ । स्रोतहरूको सूचीलाई गम्भीरतापूर्वक परीक्षण गर्नु नै रुजुसूचीको उपयोग हो ।

## ५.६ अन्तिम साफी

अन्तिम साफी लेख प्रकाशन गर्ने वा निर्दिष्ट स्थानमा बुझाउने अन्तिम चरण हो । यो चरणले लेखलाई शुद्ध, प्रभावकारी र प्रस्तुतयोग्य बनाउँछ । यसमा सम्पूर्ण लेखलाई पुनः ध्यानपूर्वक पढिन्छ रससाना त्रुटिहरू सच्याइन्छ । यो मस्यौदा लेखन गरिसकेपछि टाइपिङ गर्ने र त्यसमा देखिएका वर्णविन्यासगत, वाक्यविन्यासगत, पदहरूको विन्यासक्रमगत, तिथिमितिगत त्रुटि जाँच गर्ने अन्तिम प्रक्रिया हो । कृति भाषिक, संरचनागत, अनुच्छेद योजनागत सबै त्रुटिरहित हुनु पर्दछ । त्यसैले यसमा प्रारम्भिक लेखनमा रहेका सबै कुराहरू सच्चाइसकेपछि पनि केही कमीकमजोरी रहनसक्ने भएकाले अन्तिमपल्ट सबै पक्षमा सूक्ष्म ढङ्गले हेरी प्रकाशनयोग्य बनाइन्छ । प्रकाशित कृति पूर्णरूपेण शुद्ध हुनु पर्दछ । यसमा रचनाका प्रत्येक घटकहरूलाई सावधानीपूर्वक हेर्नु पर्दछ ।

## ६. निष्कर्ष

निश्चित विधि र प्रक्रियामा आबद्ध भई विभिन्न चरणहरू पूरा गर्दै सुन्दर र पूर्ण कृति रचना गर्नु नै सिर्जनात्मक लेखन हो । यसमा भाषिक कलाका माध्यमबाट मानव जीवन र जगत्का कोमलतम भाव र सौन्दर्यलाई व्यक्त गरिएको हुन्छ । यो कुनै सूत्रबद्ध, निर्देशित र यान्त्रिक संरचना नभई विचार, भाव, चिन्तन र अनुभूतिको कलात्मक चित्रण हो । रचनाकारले सिर्जनाको कुनै एक विधाचयन गरिसकेपछि जीवनजगत्का विविध क्षेत्रबाट उसका मानसपटलमा सर्वप्रिय विषयवस्तु, सन्तुलित विचार, सुन्दर भाव, पूर्ण संरचना, आकर्षक शैलीको सुनिश्चित चयन जस्ता प्रक्रियाहरू क्रमबद्ध रूपमा आएका हुन्छन् । एउटा रचना मूर्त स्वरूपमा आउन मानसिक, भौतिक र व्यावहारिक पूर्वतयारीका साथै मस्यौदालेखन, संशोधन, पुनर्लेखन, सम्पादन, प्रकाशन वा प्रस्तुति जस्ता दीर्घ प्रक्रिया रहेका हुन्छन् । लेखनलाई मौलिक, प्रामाणिक, प्रभावकारी

र आकर्षक बनाउनका लागि तथ्यपूर्ण सूचना सङ्कलन, आवश्यक सामग्रीको टिपोट र उपयुक्त ढाँचानिर्माण गरी त्यसअनुकूल भाषिक युक्तिहरूको निर्धारण गरिएको हुन्छ । स्रष्टाका मानसिकतामा घटित हुने यी प्रक्रियाहरूको पूर्ण पालनाबाट स्रष्टाका मनोलोकमा एउटा नवीन कृतिको नक्सा तयार हुन्छ ।

स्रष्टाका अन्तर्मनमा संरचित सिर्जनात्मक कृतिको अमूर्त नक्सालाई भाषिक युक्तिहरूका माध्यमबाट बाह्ययजगत्तर्फ अभिमुख गराउन विभिन्न चरणहरूको पालना गर्नुपर्ने हुन्छ । यस क्रममा शीर्षकीकरण गर्दा उपयुक्त, सार्थक, सान्दर्भिक एवम् समग्र भावलाई प्रकट गर्ने कुरामा ध्यान दिनुपर्दछ । त्यसैगरी भौतिक, मानसिक र व्यावहारिक वातावरणको पूर्ण तयारी गरी योजनाबद्ध रूपमा लेखन अगाडि बढाउँदा समयसीमाभित्र कृतिले पूर्णता पाउँछ । रचनाकारको कल्पनाशक्ति र भावनात्मक ऊर्जाले वास्तविक संसारमा अवतरण गर्ने हुँदा स्फूरण तत्त्वमा विशेष ध्यान दिनु पर्दछ । यसले विचार र अनुभूतिको प्रवाहमा सघाउ पुऱ्याई कृतिको वास्तविक यात्रा तय गर्दछ । यस क्रममा स्रष्टाले आफ्ना विचार, अनुभूति र इन्द्रियबोधलाई भाषिक युक्तिसँग सम्मिलन गराउँदै अगाडि बढ्नु उपयुक्त हुन्छ । सिर्जनात्मक लेखनका यी सबै चरणहरूले लेखकलाई मनन गर्न, योजना बनाउन, भावसञ्चार गर्न र कलात्मकता समेट्न सहयोग गर्छन् । यी चरणहरूको पालना नगर्दा उत्कृष्ट विचार पनि प्रभावहीन देखिन सक्छ ।

रचनालाई अपरिपक्व अवस्थाबाट परिपक्व बनाई प्रकाशितयोग्य बनाउनामा लेखन समाप्तिपछिका कार्यहरू महत्त्वपूर्ण रहेका हुन्छन् । पुनर्लेखनले विचार र शैली सुधार गर्ने, काँटछाँटले संक्षिप्तता र सान्दर्भिकता तुल्याउने, सीमारेखाले निर्दिष्ट मापदण्ड पालनमा विचार पुऱ्याउने, सम्पादनले व्याकरण र प्रवाह सुधार गर्ने, रुजुसूचीले स्रोतको प्रमाणिकता प्रस्तुत गर्ने र अन्तिम साफीले शुद्धता र प्रस्तुतयोग्य बनाउने भएकाले सिर्जनात्मक लेखनमा यी सबै कार्यहरू उल्लेख्य रहेका छन् । यस प्रकार निश्चित विधि र प्रक्रिया अँगाली लेखनका विभिन्न चरणहरू क्रमिक रूपमा पूरा गर्दै परिमार्जन र सम्पादनपश्चात् भावना, कल्पना र शिल्पको विशिष्ट सन्तुलन भएको एउटा सुन्दर, पूर्ण, परिपक्व, विशिष्ट र मौलिक कृतिको रचना गर्नु नै सिर्जनात्मक लेखनका प्रक्रिया र चरणको मूल्य हो ।

## सन्दर्भ सामग्रीसूची


उपाध्याय, केशवप्रसाद (२०४९), *साहित्य प्रकाश,* पाँचौं संस्क., काठमाडौँ : साझा प्रकाशन ।

अवस्थी, महादेव (२०६८), नेपाली खण्डकाव्यको सैद्धान्तिक अध्ययन, *रत्न बृहत् नेपाली समालोचना* (सैद्धान्तिक). सुवेदी, राजेन्द्र र गौतम, लक्ष्मणप्रसाद (सम्पा.), काठमाडौँ : रत्न पुस्तक भण्डार, (पृ. ४७३-४९१) ।

घिमिरे, माधव (२०६०), *किन्नरकिन्नरी,* तेस्रो संस्क., काठमाडौँ : साझा प्रकाशन ।

जोशी, कुमारबहादुर (२०४८), *देवकोटाका प्रमुख कविताकृतिको कालक्रमिक विवेचना,* काठमाडौँ : सिद्धार्थ वनस्थली प्राज्ञिक परिषद् ।

जोशी, रामलाल (२०७२), *ऐना,* काठमाडौँ : बुक-हिल पब्लिकेशन ।

देवकोटा, लक्ष्मीप्रसाद (२०७६), *लक्ष्मी कवितासङ्ग्रह,* सातौँ संस्क., ललितपुर : साझा प्रकाशन ।

पराजुली, गोपाल (२०३७), *गोलार्द्धका दुई छेउ* (एकाङ्की नाटक)., काठमाडौँ : साझा प्रकाशन ।

पराजुली, मोतीलाल (२०५३), *नेपाली रचनाकला,* कास्की : लेखक स्वयम् ।

त्रिपाठी, वासुदेव, सुवेदी, केशव र अवस्थी, महादेव (सम्पा.) (२०४६), *नेपाली कविता (भाग ४),* ललितपुर: साझा प्रकाशन ।

त्रिपाठी, वासुदेव (२०६६), *साहित्यसिद्धान्त : शोध तथा सृजनविधि,* काठमाडौँ : पाठ्यसामग्री पसल ।

लुइटेल, खगेन्द्रप्रसाद (२०६८), संरचनाको स्वरूप र विशेषता. *रत्न बृहत् नेपाली समालोचना* (सैद्धान्तिक). सुवेदी, राजेन्द्र र गौतम, लक्ष्मणप्रसाद (सम्पा.), काठमाडौँ : रत्न पुस्तक भण्डार (पृ. ५९२-६०१) ।

शर्मा, मोहनराज (२०५५), *समकालीन समालोचना सिद्धान्त र प्रयोग,* काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

शर्मा, मोहनराज (२०५५), *कथाको विकासप्रक्रिया,* तेस्रो.संस्क., काठमाडौँ : सभा प्रकाशन ।

शर्मा, मोहनराज (२०६८), *शैलीविज्ञान र शैली, रत्न बृहत् नेपाली समालोचना* (सैद्धान्तिक). सुवेदी, राजेन्द्र र गौतम, लक्ष्मणप्रसाद (सम्पा.), काठमाडौँ : रत्न पुस्तक भण्डार (पृ. ५२१-५४१) ।

थापा, हिमांशु (२०५०), *साहित्य परिचय.* चौथो.संस्क., काठमाडौँ : साझा प्रकाशन ।